नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# शुक्लागण्डकी नगरपालिका कार्यालय

दुलेगौंडा, तनहुँ

# सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति :- २०७३/११/११

स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली, २०५६ र स्थानीय निकाय आ.प्र. नियमावली,२०६४ (संशोधन सहित) तथा यस शुक्लागण्डकी नगरपालिकाको निर्णय तथा प्रचलित नेपाल कानून बमोजिम इच्छुक योग्य फर्म वा कम्पनी संस्थाहरुबाट दरभाउपत्र फाराम खरिद गरी तपशिलमा उल्लेखित शर्तहरुका अधिनमा रही कवोल गरेको ठेक्का रकम अंक र अक्षरमा खुलाई दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**ठेक्का शर्तहरु**

१.प्रचलित नेपाल कानून बमोजिम दर्ता भई प्रमाण पत्र लिएका फर्म वा कम्पनी संस्थाहरुले दरभाउपत्र फाराम खरिद गरी सूचना बमोजिमको शर्तका आधारमा दाखिला गर्न पाउने छन् ।

२.दरभाउपत्र फाराम खरिद गर्न आ.व.०७३/७४ मा नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र,आ.व. ०७२/७३ को आयकर चुक्ता प्रमाणपत्र,नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु सहित दरभाउपत्र खरिदको निवेदन पेश गर्नुपर्ने छ ।

३.यो सूचना पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्र फारम खरीद गरी १६ औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्ने छ । सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट हुनेछ ।

४.यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिनको २:०० बजे भित्र कार्यालयको प्रतिनिधिहरु र सिलबन्दी दरभाउपत्र दाताहरुको रोहवरमा खोलिने छ तर सिलवन्दी दरभाउपत्र दाताहरु अनुपस्थित रहेमा पनि खोल्न बाधा पर्ने छैन ।

५. जसको नाममा दरभाउपत्र खरिद गरिएको हो सोही फर्म वा कम्पनीको नामबाट मात्र दाखिला गर्नुपर्ने छ । यस कार्यालयबाट प्रमाणित नभएका दरभाउपत्रलाई मान्यता दिइने छैन र सोको छायाप्रति पनि स्वीकार्य हुने छैन ।

६.सिलबन्दी दरभाउपत्र पेश गर्नेले धरौटी रकम नेपाल बैक लिमिटेड, दमौली शाखा , तनहूँमा यस कार्यालयको कोष खाता नं. ०६००३००००००००४००३००३ मा नगद दाखिला गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त बैंकले दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन मान्य अवधि रहने गरि जारी गरेको छुट्टाछुट्टै बैंक जमानत (बीड बण्ड) पेश गर्नु पर्नेछ ।

७. सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि स्वीकृत सिलबन्दी दरभाउपत्र ५,००,०००।०० धरौटी रकम नगद वा बैंक जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्यसम्पादन जमानत (परफरमेन्स वण्ड) पेश गरी सिलबन्दी दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र सम्झौताको लागि यस कार्यालयमा उपस्थित हुनुपर्ने छ ।

८. सिलवन्दी दरभाउपत्रबाट स्वीकृत ठेक्काको ठेक्का अवधि २०७३ असार मसान्तसम्म रहनेछ ।

९. शुक्लागण्डकी नगरपालिकाले समय समयमा दिएको निर्देशन पूर्णरुपमा पालना गर्नुपर्ने छ । ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा शुक्लागण्डकी नगपालिका, दुलेगौंडा, तनहूँको निर्णय अन्तिम हुनेछ ।

१०. न्युनतम ठेक्का अंक भन्दा घटी कबोल गरी सिलबन्दी दरभाउपत्र पेश गर्न पाइने छैन, साथै ठेकेदारबाट कुनै सर्त राखिएको वा रीत नपुगेको सिलबन्दी दरभाउपत्र माथि कुनै कार्वाही गरिने छैन ।

११. ठेक्का समाप्त भई करचुक्ता पेशगरेपछि धरौटी बापतको रकम नियमानुसार फिर्ता गरिनेछ ।

अधिकृत

१२. यस नगरपालिका कार्यालयमा बक्यौता तिर्न बाँकि रहेको व्यक्ति, फर्म वा कम्पनीहरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म शिलवन्दी दरभाउपत्रमा भाग लिन पाउने छैन ।

१३.ठेक्का संचालनको सिलसिलामा नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने सम्पूर्ण कर,दस्तुर, शुल्क आदि ठेक्केदार स्वयमले बुझाउनुपर्नेछ । उक्त रकम ठेक्का अंकबाट कटाउन पाइने छैन । ठेक्का अवधिभर ठेक्केदारले ठेक्का तोड्न पाइनेछैन ।

१४. व्याक हो लोडरको स्वामित्व नगरपालिकामा नै रहन्छ ।

१५. व्याक हो लोडर फिर्ता सम्झौताको अन्तिम मितिको १ दिन पछी नगरपालिका कार्यालयमा वुझाउनुपर्नेछ ।

१६.. व्याक हो लोडरको मर्मत सम्भार कम्पनीले तोकेको समयमा (सर्भिसिङ्ग बुक अनुसार) नगरपालिकाको कर्मचारीको उपस्थीतिमा हुनुपर्नेछ ।

१७.. व्याक हो लोडर संचालन खर्च र मर्मत सम्भार खर्च व्यवसायीले नै गर्नुपर्नेछ, ।

१८. दुर्घटनाको पुरा जिम्मेवारी व्यवसायी नै हुनुपर्नेछ ।

१९. नगरपालिकाबाट स्वीकृत योजनाको कामलाई विषेश प्रथमिकता दिनुपर्नेछ ।

२०. नगरपालिकालाई आवश्यक परेको वखत मासिक २० घण्टा डोजर उपलब्ध गराउनुपर्नेछ । सो कार्य लागि लाग्ने इन्धन र अप्रेटर भत्ता नगरपालिकाले नै उपलब्ध गराउनेछ । (विपतको समयमा नगरपालिकालाई आवश्यकता परेको जुनसुकै समयमा पनि उपलब्ध गराउनुपर्नेछ ।)

२१. सम्झौता पश्चात डोजर सञ्चालनमा भए/नभएतापनि मासिक न्युनतम १५० घण्टाको रकम अग्रिम भुक्तानी गर्नुपर्नेछ ।

२२. प्रचलित कानून बमोजिम नि:षेधित क्षेत्र तथा कार्यमा व्याक हो लोडर सञ्चालन गर्न पाईने छैन ।

२३. माथि उल्लेखित सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने नगर्ने वा रद्द गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

२४. सिलबन्दी दरभाउपत्र सम्बन्धि शर्तहरु तथा दररेट सम्बन्धि विस्तृत विवरण यस कार्यालयको वेबसाइट www.shuklagandakimun.gov.np बाट पनि हेर्न सकिनेछ । सो सम्बन्धी अन्य कुरा बुझ्न परेमा शुक्लागण्डकी नगरपालिका तथा फोन नं. ०६५-५७००१८ र ५७०३०५ मा सम्पर्क राख्न सकिने छ ।

२५. यस सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा स्थानीय स्वायत्त शासन ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

**ठेक्काको विवरण**

| सि. नं. | ठेक्का नम्बर | ठेक्काको किसिम | न्युनतम ठेक्का अंक आ.व. ०७३/०७४ | दरभाउपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | **०३-०७३/७४** | व्याक हो लोडर भाडामा दिने सम्वन्धमा । | प्रति घण्टाको न्युनतम ५००।०० | १०००।०० | ७५००।०० |

...................

तिलक बहादुर खड्का

प्रमुख एव कार्यकारी अधिकृत